# चिलिका वक्तव्य

*भारतको उडिसा राज्यको भुवनेश्वर र चिलिकामा सन् २००५ को फरवरी महिनाको ६-९ तारिखसम्म आयोजित एशियाली सिमसार विचार गोष्ठी २००५ मा भाग लिएका ३२ देशका ४०० सहभागी हामी यो* ***मान्यता*** *राख्दछौं की :*

एशिया महादेशमा विद्यमान सिमसार क्षेत्रहरुले आफ्ना प्राकृतिक प्रक्रिया तथा अन्य क्रियाहरुद्वारा यस क्षेत्रमा वसोवास गर्ने वासिन्दाहरुलाई परम्परागत रुपमा पारिस्थिकीय सुरक्षा प्रदान गर्नका साथै जीविकोपार्जनमा सहयोग पुऱ्याएको छ ; वढ्दो जनसंख्याको चाप र सिमसारको भूमिका वारे चेतनाको अभावले सिमसार निम्नीकृत वन्नका साथै स्थानीय उपभोक्ताहरु यसबाट क्रमिक रुपमा प्रभावित भएका छन् ; असन्तुलित प्रान्तीय विकास, गरिवी र सिमसार क्षेत्रको पुनःरुद्धार र व्यवस्थापन गर्न अपर्याप्त क्षमताबाट उत्पन्न चुनौतिहरुलाई अविलम्ब संम्वोधन गर्न आवश्यक भएको छ ;

सन् १९९२ र २००१ मा आयोजित एशियाली सिमसार विचार गोष्ठीहरुले राष्ट्रिय तथा अन्तरराष्ट्रिय संगठन तथा व्यक्तिहरुसंगको सञ्जाल मार्फत एशियाको सिमसार क्षेत्रहरुको संरक्षण तथा बुद्धिमतापूर्ण उपयोगको प्रवर्द्धन गर्न एक प्रभावकारी संयन्त्र निर्माण गर्न प्रदान गरेका सुझावहरु अनुरुप अनुभव र ज्ञानको आदान प्रदानबाट यस क्षेत्रमा नयाँ रणनीतिक अभिदिशा, साझेदारिता तथा समुदायमा आधारित व्यवस्थापनका अग्रगामी उदाहरणहरु प्रकट भएका छन् ;

एकीकृत व्यवस्थापनको सिद्धान्तको आधारका साथै स्थानीय, राष्ट्रिय र अन्तरराष्ट्रिय सञ्जालको अनुभव अनुसार स्थानीय वासिन्दाहरुको सहभागिता र साझा निर्णयको निम्ति जोड दिने व्यवस्था अपनाएपछि भारतको चिलिका समुन्द्रीताल सिमसारको संरक्षण र वुद्धिमतापूर्ण प्रयोगको एक उत्कृष्ट नमूना वनेको छ ; पुनरुद्धारका पहलहरु अपनाएपछि चिलिका समुन्द्री तालमा जीविकोपार्जनको निम्ति निर्भर रहने समुदायहरुको सामाजिक तथा आर्थिक स्थितिमा महत्वपूर्ण सुधार हुनाका साथै पारिस्थिकीय अखण्डता कायम राख्न पनि सहयोग पुगेको छ ;

हिन्द महासागरमा हालसालै आएको प्रलयकारी समुन्द्री छाल (चुनामी) ले तटवर्ती प्राकृतिक श्रोतको आधारशिला र असंख्य मानिसहरुको जीविकोपार्जनलाई गंभीर रुपमा प्रभाव पार्नुका साथै कच्छ वनस्पति, समुन्द्री घाँस, मूगा चट्टान तथा अन्य सम्बन्धित पारिस्थिकीय प्रणाली लगायत तटवर्ती सिमसारहरुलाई पुनःरुद्धार गर्न नयाँ चुनौति खडा भएको छ ।

*यसर्थ हामी जोडदार आग्रह गर्दछौं की :*

अदीगो विकास निर्माणका क्रियाकलापबाट सिमसारहरु निम्नीकृत हुने हुंदा त्यस्ता कार्यहरुलाई अविलम्ब रोक्नुका साथै सिमसारको पारिस्थिकीय प्रणालीलाई संरक्षण र पुनःरुद्धार गर्न तथा समुदायका जीविकोपार्जनमा सुधार ल्याउनको निम्ति ज्ञानमा आधारित रणनीतिहरु तथा प्रविधिहरु अपनाउने कार्य होस् : सिमसार समुदायको सिमसारको साँस्कृतिक महत्वसंग गहिरो सम्बन्ध हुने मान्यतालाई मनन् गर्दै यसलाई सिमसार व्यवस्थापनको चलनसंग एकीकरण गर्ने कार्य होस् ; गरिवी निवारण र दीगो जीविकोपार्जनको लक्ष्य हासिल गर्न सिमसार क्षेत्रका पारिस्थिकीय प्रणाली र आर्थिक महत्वलाई मूलधारमा ल्याई विकास योजनामा समाविष्ट गरियोस् ।

***अतः हामी आवश्यक कार्यवाहीको निम्ति आव्हान गर्दछौं की*** *:*

सिमसारको संरक्षण र व्यवस्थापनलाई प्रवर्द्धन गरी दीगो जीविकोपार्जनलाई टेवा पुऱ्याउन पारिस्थिकीय प्रणालीमा आधारित नवीण पद्धति अपनाई तल दिइएका कुरामा जोड दिन पर्ने हुन्छ :

- सिमसार पारिस्थिकीय प्रणालीको क्रियात्मक अखण्डता सुनिश्चित गर्न वातावरणीय अनुकूलतम प्रवाहलाई अनुरक्षण गर्ने ;
- स्थानीय मानिसहरुको परम्परागत ज्ञान र विवेकको प्रयोग गर्दै जैविक विविधता संरक्षण तथा सिमसार श्रोतको दीगो प्रयोग प्रवर्द्धन गर्ने;
- सिमसारको संरक्षण र व्यवस्थापन गर्ने सन्दर्भमा एक मञ्च प्रदान गर्न प्रलेखन तयार गरी सांस्कृतिक परम्परा र मूल्य वारे अनुभवको आदान प्रदान गर्ने ;
- परम्परागत ज्ञान तथा पर्या-पर्यटन लगायत इको-उद्यम मार्फत स्थानीय जीविकोपार्जनलाई अविलम्ब सहयोग प्रदान गर्नका साथै अतिरिक्त आय आर्जन सृजना गरी सिमसार श्रोतमा चाप कम गर्नको निम्ति सिमसारबाट उत्पादिन वस्तुहरुको मूल्य वढाउन निजी सार्वजनिक साझेदारी प्रवर्द्धन गर्ने ;
- सिमसार व्यवस्थापन योजनाहरुको तर्जुमा, विकास तथा कार्यान्वयन गर्ने क्रममा पहिचान गरिएका समुदायका हक-अधिकार र हित सुनिश्चित गर्न समुदायमा आधारित संस्थाहरु तथा परम्परागत रुपमा रही आएका श्रोत उपभोक्ता समूहहरुलाई सुदृढ गर्ने ;
- दीगो विकास सुचिश्चित गर्न सवै तहको प्रान्तीय विकास योजना तर्जुमा गर्दा सिमसारलाई मूल धारमा ल्याउने ;
- सिमसारको बुद्धिमत्तापूर्ण उपयोग गर्नको निम्ति सिमसार सम्बन्धी नीति, योजना तथा रणनीतिहरु अपनाउने ;
- सिमसारको संरक्षण र व्यवस्थापनको निम्ति साझेदारीका सफलतालाई पहिचान, प्रवर्द्धन र अनुसरन गर्नुका साथै यस्ता सफलताका उदाहरणहरुलाई स्थानीय, राष्ट्रिय र क्षेत्रीय तहमा प्रचार-प्रसार गर्ने ;
- सिमसारको दीगो रुपमा व्यवस्थापन गर्न सिमसारप्रतिको धारणा एवं समझदारीमा परिवर्तन ल्याउन शिक्षा तथा चेतनामूलक क्रियाकलापलाई आधारशिलाको रुपमा प्राथमिकरण गर्ने ;
- सिमसार व्यवस्थापक, नीति निर्माणकर्ता, व्यवसायी, संचारकर्मी, निर्णयकर्ता र स्थानीय समुदायहरुका निम्ति क्षमता वृद्धिका कार्यक्रम विकास तथा सुदृढ गर्ने ;
- पारिस्थिकीय अखण्डता तथा उत्पादकत्वद्वारा स्थानीय जीविकोपार्जनलाई दीगो वनाउन सिमसारलाई पुनःरुद्धार गर्ने;
- सुनामीबाट प्रभावित समुदायहरुको जीविकोपार्जनलाई दीगो बनाउन तथा जैविक विविधता संरक्षण गर्नको निम्ति त्यसबाट प्रभावित तटीय सिमसारको पुनःस्थापना गर्न अविलम्ब कार्यवाही शुरु गर्ने ;

*अतः सिमसार सम्मेलन वारे आगामी एशियाली क्षेत्रीय वैठक (रामसार, इरान, १९७१) सन् २००५ को नोभेम्बर महिनामा उगान्डाको कम्पालामा आयोजना हुने सिमसार सम्मेलन वारे सम्मेलनका सहभागी मुलुकहरुको नवौं वैठक र सन् २००५ को अक्टोबर महिनामा केन्याको नाइरोवीमा संचालन हुने विश्व ताल सम्मेलनको एघारौं वैठकमा यो वक्तव्य व्यक्त गर्न भारत तथा जापानी सरकारको सहयोगको निम्ति आयोजकहरु आग्रह गर्दछ ।*

भुवनेश्वर, ९ फरवरी २००५

अनुवादन सहयोग : समिर कार्की/दिपेन्द्र जोशी
आई.यू.सी.एन. नेपाल